लुम्बिनी प्रदेश सरकार
कृषि,भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र**
कपिलवस्तु
फोन नं.: ०७६-५६००२१
Email: vethospkapilvastu@gmail.com

## प्रस्ताव आव्हवान सम्बन्धी सूचना

सुचना नं : ०३/०८१/८२ प्रथम पटक सुचना प्रकाशित मिति २०८१/०७/०२

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुको आ. व. ०८१/८२ को तपसिल बमोजिमका बार्षिक स्वीकृत कार्यक्रमहरु "कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचलन कार्यविधि,२०८१" बमोजिम संचालन गर्न ईच्छुक आवेदकहरुले सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र (मिति २०८१/०८/०१) गते कार्यालयमा रु.१० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक कार्ययोजना, संलग्न गर्नुपर्ने अन्य कागजातहरु र कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८१ यस कार्यालयको वेवसाईट www.kapilvastu.vethos.gov.np. बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि कार्यालयको सम्पर्क नं. ०७६-५६१०४१ वा सुचना अधिकारीको सम्पर्क नं ९८५७०५६०४२ मा सम्पर्क गर्न सकिनेछ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ।

तपशिल :

| क्र. सं. | कार्यक्रम विवरण | लक्ष्य | स्विकृत बजेट रु. लाखमा | कार्यक्रम संचालन हुने क्षेत्र | न्यूनतम मापदण्ड | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|---|
| १ | नया पोखरी निर्माण | ६ हे. | ३० | जिल्ला भरी (प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत मत्स्य जोन लागु भएको क्षेत्र वाहेकलाई प्राथमिकता दिईनेछ।) | कम्तीमा ३ कठ्ठा जलाशय क्षेत्रफल कायम हुने गरि नयाँ पोखरी निर्माण गर्नुपर्ने। जग्गाको स्वामित्व आफ्नै हुनुपर्ने वा जग्गा भाडामा लिएको भए १० वर्षको करार सम्झौता हुनुपर्ने। पोखरीको गहिराई कम्तिमा १.२ मि. हुनुपर्ने। | कृषक/फर्म/कम्पनी/समुह/समिति/सहकारी। | कुल लागतको ५० प्रतिशत वा प्रति हेक्टर अधिक्तम रु.५ लाख। |
| २ | भैसी प्रवर्द्धन कार्यक्रम | १ पटक | २५ | शिवराज नगरपालिका | फर्म/कम्पनीले ३ वटा माउ भैसी सहित ५ वटा भैसी पालेको हुनुपर्ने। समुह सहकारीको हकमा कम्तिमा २५ माउ भैसी पालन गरेको हुनुपर्ने। | फर्म/कम्पनी/समुह/सहकारी | फर्म/कम्पनीको हकमा प्रति आयोजना अधिकतम रु.२ लाख र समुह/सहकारी अधिकतम रु ५ लाख सम्म। |
| ३ | माछा पोखरीको लागि वोरिङ्ग जडानमा सहयोग | ८ वटा | ८ | जिल्ला भरी | कम्तीमा १५ कठ्ठा जलाशय क्षेत्रफल भएको हुनुपर्ने जग्गा भाडामा लिएको भए ५ वर्षको करार सम्झौता हुनुपर्ने | कृषक/फर्म/कम्पनी/समुह/सहकारी। | अधिकतम रु.१ लाख। |

कार्यालय प्रमुख



CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि,भुमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र
कपिलवस्तु
फोन नं.: ०७६-५६००२१
Email: vethospkapilvastu@gmail.com

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | मत्स्य बजारिकरणको लागि होल्डिङ्ग तथा कन्डिसनिङ्ग ट्यांक निर्माण | ६ वटा | ६ | जिल्ला भरी | व्यवसायिक फर्म दर्ता भई न्यूनतम १५ कठ्ठा जलाशयमा खाने माछा वा मत्स्य विजको कारोवार गरेको हुनुपर्ने | फर्म/कम्पनी/मत्स्य ह्याचरी/नर्सरी/समुह/सहकारी। | ७५ % वा अधिकतम रु.१ लाख। |
| ५ | मत्स्य शुद्धनश्लका फ्युचर ब्रुड वितरण। | १ पटक | ५ | जिल्ला भरी | न्युनतम १ हेक्टर जलाशयमा ह्याचरी संचालन गरी नियमित रुपले भुरा उत्पादन तथा विक्रि वितरण गरेको हुनुपर्ने। | मत्स्य ह्याचरी | ब्रुड शतप्रतिशत अनुदान र स्क्यानर खरिदमा ७५% वा अधिकतम रु.१ लाख। |

<u>संलग्न गर्नुपर्ने कागजातहरु:</u>

१. प्रस्तावको निवेदन (अनुसुची ३३)
२. दर्ता नविकरण भएको प्रतिलिपि
३. स्थायी लेखा नम्बर प्रमाण पत्र तथा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर,प्रमाण पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने।)
५. कार्यक्रम संचालनको लागि कार्योजना सहितको प्रस्ताव (अनुसुची ३६)
६. कार्यक्रम संचालनको लागि सम्बन्धित स्थानिय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरि अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि (संस्था वा समुह वा कम्पनीको हकमा।)
८. प्रस्ताव पेश गर्नेको नागरिक्ताको प्रतिलिपि।
९. अनुमानित लागत रकम (निर्माण गरिने पूर्वाधारको हकमा।)
१०. जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।
११. तालिम/अनुभवको प्रमाण पत्रको प्रतिलिपि।

<u>पनुःश्चः</u> सुचनामा छुट हुन गएका वुदाहरु कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम हुनेछ। साथै प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा भोलि पल्ट कार्यालय समयमा प्रस्ताव विज्ञ केन्द्रमा वुजाउन सकिनेछ।

कार्यालय प्रमुख

CamScanner